# “समृद्ध पचालझरना - हाम्रो चाहना”

## पचालझरना गाउपालीका कालीकोट
## बजेट तथा कार्यक्रम
## २०७६

थानिय तहको निर्वाचन भयको दुइ वर्ष एक महिना दस दिन पुरा भइ हामी हाम्रो गाउँपालीकाको महान कार्य चौथो गाउँ सभामा जुटि रहेका छौ । यस गरिमामय चौथो गाउँ सभामा उपस्थित अध्यक्ष महोदय,प्रमुख अतिथि, अतिथि गाउँसभाका सदस्य ब्याबस्थापिकाको भुमिकामा रहनु भएका कर्मचारि पत्रकार रेडियो मार्फत प्रत्यक्ष प्रशारण सुनिरहनु भयका सर्म्पुण राजनितिमा आस्थावान नेता कार्यकर्ता शहिद परिवार घाइते योद्धा बेपत्ता परिवार आमा बुवा दाजुभाइ दिदि बहिनी यहाँहरुलाई गौरवमय चौथो गाउँसभामा बजेट कार्यक्रम प्रस्तोताको तर्फ बाट स्वागत गर्न पाउदा खुसि लागी रहेको छ । र सबै सबैमा स्वागत नमस्कार अभिवादन यस क्षणमा एकल जहानिय सामान्ती अढाइसय बर्ष पुरानो ब्याबस्थालाई मसान घाट चित्ताम जलाई समाज बाद उन्मुख संघिय लोकतान्त्रिक गणतन्त्रात्मक मुलुक स्थापनार्थ महान जनयुद्ध जनआन्दोलन थारुहट आन्दोलन जातिय क्षेत्रिय मुक्ति आन्दोलन प्रदेस प्राप्तिको आन्दोलनमा हासि हासि मृत्यु पत्रमा हस्ताक्षर गर्दै बलिदान गर्ने महान सहिदहरु र भर्खरै राष्टपति रनिङसिल्डको तयारिमा ज्यान गुमाउने खेल प्रेमी बैनि समिपुरा वडे प्रति हार्दिक श्रदानजलि ब्याक्त गर्दै बिछोडको अभावले छटपटि रहनु भयका परिवारहरुमा हार्दिक संवेदना बक्त गर्द छु । बेत्ता योद्धाहरुको खोजि कार्यमा लाग्ने र सरकारवाला निकायलाई ध्यान आकर्षण गराउने विश्वास दिलाउन चाहान्छु साथै जनयुद्ध जनआन्दोलनको क्रममा घाइते भइ हाल सम्म शरिर भित्र गोलि बोकिरहनु हुने तत्काल उपचारार्थ बिर योद्धाहरुमा शिघ्रस्वास्थ्य लाभको कामना र उच्च सम्मान गर्न चाहान्छु स्थानिय सरकार संघियताको मर्मअनुसार एक अधिकार सम्पन्न तह हो तै पनि यसको बिकास र समृद्धिका लागि अभिभावकहरुका् रुपमा नेपाल सरकार प्रदेश सरकार सँग असाध्यै घनिष्टताको अन्तर सम्बन्ध पनि संभिधानले ब्याबस्था गरेकै छ । हाल यसको सुरुवाति बिकासको लागि आफ्नै बलबुताले अगाडि बढ्न सक्ने अबस्थामा पनि छैनौ त्यसकै मर्मबोध गरि यहाँको चौतर्फि बिकासका लागि सहयोग गरि साथमै रहने सघं र प्रदेश सरकार प्रति उच्च कोटिको सम्मान ब्याक्त गर्दै आगामि दिनमा थप सहकार्य सहयोग र सल्लाहको अपेक्षा गरेको छु । यस गाउँपालिकाको समृद्धिको लागि सकरात्मक सोच राखि अबरात्र चिन्तनशिल बिभिन्न आस्थाका राजनितिक नेता कार्यकर्ता संघ सस्था सहकारी स्थानिय सरकार सञ्चारकर्मि, सुरक्षा निकाय, आयोजना समुह, उपभोक्त समिती, निर्माण ब्यबसायिक संघ, शिक्षा, स्वास्थ्य, पशु, कृषि शाखा ,महिला, दलित, फरक क्षमता , एकल महिला, बृद्ध बृद्धा, बालक्लव,युवा र बजेट कार्यक्रम तयार गर्दा आबश्यक सहयोग गर्ने बिषयगत समिती, कर्मचारी, ब्यापारि, सबै सबैमा सम्मान प्रकट गर्न चाहान्छु । थप सुझाव सल्लाहा अन्तरक्रिया वादविवादमा भाग लिइ यस पालिकालाई समृद्धि तिर डो-याउनु हुने छ । यसैमा सबैको भलाइ छ ।



तारा न्यौपाने
संयोजक

# "समृद्ध पचालझरना - हाम्रो चाहना"

पचालझरना गाउपालीका कालीकोट
बजेट तथा कार्यक्रम
२०७६

## बिगतका योजनाको समिक्षा

हाम्रो गाउँपालीका साविकका ३ वटा गाविस मिलेर बनेको छ । यो २ नं साविकको २ नं इलाका पर्ने भूगोल हाल गाउँपालिका बनेको सबैमा सर्बविदै छ ।साविक वदालकोट गाविसका १र २ नं वडा राम्नाकोटमा ३,४,५वार्ड रसाविकको नानिकोटमा ६,७,८,९ वार्ड पर्दछन । हाल यहाँ ३ वटा स्वास्थ्य चौकी र ६ वटा स्वास्थ्य इकाई सेवा प्रवाहा दिइरहेका छन् ।यस पालिका भरि ३ वटा १०+२ संचालित मा. बि र ५ वटा १० कक्षा संचालित नि.मा वि कक्षा ६-८ संचालित …….. वटा १-५वटा संचालित १-३ संचालित ……..वटा र वालबिकास शिक्षा ………वटा संचालित छन भने ज्ञानोदय मा.बिमा कृषि प्राधिक पढाइ संचालनमा छ । यहाँ आन्तरिक हुलाक कार्यलय ………वटा छन र छोटो हुलाक कार्यलय वटा छन । यहाँ सामुदायिक बन समुह ……..वटा छन र कबुयलित बन ….वटा छन प्रत्यक वार्ड हरुमा सहकारि संघ सस्था दर्जनौ दर्ता भएका छन् ।यहाँ वडा नं ३ मा चियापत्ती उद्योग र ५ मा मसाला, स्याउको जुस, ढाँका उद्योग क्रियासिल छन् ।

यहाँ सबै किसिमको हावापानि पाइने ठाँउछ। यहाँको तल्लो भागमा धान, गहुँ ,तरकारी ,आलु ,जनालो, केरा ,आदि लगायतको खेति हुन्छ भने मध्यभागमा धान ,गहुँ ,मकै ,कोदो ,सुन्तला कागति ,केरा , आरु ,ओखर , पुलम जस्ता बिभिन्न फलफुल र खाद्यन्न बाली लगाउने चलनहरु माथिल्लो भाग (लेकाली भाग)मा आलु खेति, स्याउ खेती ,ओखरखेती ,जौखेती आदि गर्ने चलन छ । उसो त यहाँ अनैटो खेति वार्ड नं ३ को भारपाटामा १ वर्षभरी १ बाली जौ समेतको सम्मानित खेति गरिन्छ ।

यहाँ पशुपालन ब्याबसाय आधुनिकरण गरेर गर्नेहो भने धेरै राम्रो हुँने सम्भावना पनि छ । यहाँ गाइ भैसि , भेडाबाखा ,घोडा , खच्चड ब्याबसायिक रुपमा उन्मुख हुँने गरी पाल्ने चलन बढ्दो क्रममा छ । यहाँको जनताको मुख्य आयश्रोत खेतिपाति पशुपालन र ज्याला मजदुरी नै हुने गरेको छ ।आफ्नो खेतवारीमा काम गरेर वा पशुपालन गरेरै वर्ष भरीमा कमैलाई खानलाउन पुग्छ । धेरै जसाले ज्याला मजदुरी गरेर जिविको चलाउने गरेका छन ।

यहाँ विश्व प्रसिद्ध पचालझरना ३८१ मिटर अबस्थित छ यो सँगै पर्यटकिय ठाँउ बयालभचझरना , धुलदहरो , फुकछहरी,नौमुली झरना ,पुँग मन्दिर ,पाटन दैतको तणाकाटे च्युट्टयागंणाकालापाल्त देवता मन्दिर , पचालदेवता मन्दिर ,बड्डाथाणा , कालसिल्लो ,पडेच्छाचौर ,देवता मन्दिर जलकुण्ड पंगेली चौर यहाँ पाइने प्रसिद्ध फलफुल नानिकोटको चुक ,सिकु खरकोटको चिउरो ,लाफाका केरा , खार्दुको दुध,दहि, मह बाँचकोटका स्याउ आदि ।

- ❖ २०६४ सालमा निर्वाचन भएपछि हाल सम्म हामी निर्वाचन भयको झण्डै २ वर्ष १ महिना १० दिन भएको छ (२५ महिना १० दिन)

➢ **यहाँ भयका बिकास निर्माण**



तारा न्यौपाने
संयोजक

# “समृद्ध पचालझरना - हाम्रो चाहना”

## पचालझरना गाउपालीका कालीकोट
## बजेट तथा कार्यक्रम
## २०७६

**सडक तर्फ :**४ वटा सडक ट्रेक ओपन (खुल्ला) गरिएको

४ वटा सडक निर्माणधिन अबस्थामा रहेका छन ।

**खानेपानि तर्फ :** ३ वटा खानेपानि लगभग सम्पन्नतिर पुगेका छन (एक घर एक धारो) एक खाने पानि निर्माणाधिन छ भने एक खाने पानी शुरुवातीमा छ । हाल खानेपानीको अवस्था सन्तोषजनक नै छ ।

**बिद्युत तर्फ :** बिद्युतलाईन बिस्तारको पहल भइरहेको छ हाल निर्माणाधिन लाफागाड जलबिद्युत काम अन्तिम चरणमा छ ।

जारकोट पक्कीपुलको डिजाइन बन्दै छ । प्रत्येक वडामा पचलझरना युवारोजगार कार्यक्रम मार्फत बिभिन्न बिकासका कामहरु भइराखेकै छन अन्य बाटो सुधार बिद्यालय भवन फि:ल्ड निर्माण खानेपानी मार्फत सिचाइ कुलो सिचाइ ट्या°L लगायतका भौतिक पुर्वाधार निर्माण कार्य भइरहेको र लक्षित वर्ग क्षमता अभिबृद्धि सिलाइकटाइ तालीम कृषि मार्फत बिउबिजन बितरण फलफुलको बिरुवा बितरण भेटनरी मार्फत कुखुरा , बोका (उन्नत जात) बितरण पशु औषधी बितरण र शिबिर जस्ता कार्यहरु भइरहेका छन । स्वास्थ्य मार्फत सबै स्वास्थ्य चौकी र इकाइहरुमा औषधी उपकरणको ब्याबस्थापन स्वास्थ्य शिबिर खोप संचालन ब्यबस्थित रुपमा भइरहेका छन । बिद्यालयहरुमा बिषयगत तालिम गोष्ठि सेमिनार भएका छज भने सहकारी संघ सस्थाका तालीम गोष्ठि फिल्ड अनुगमन पनि भइरहेका छन दक्ष जनशक्ति पुर्तिको लागी तत शाखा हरुको समन्वय र सल्लहामा राम्ररी भयकै छन ।अब जन्तालाइ प्रत्यक्ष सरकारसँग जोड्ने गाउँपालीका कामहरुको प्रचार प्रसार र लोकतन्त्रको एक सभ्यता चिनाउन उत्कृष्ट सार्वजनिक सुनुवाइ कार्यक्रम पनि अर्धवार्षिक र वार्षिकरुपमा सम्पन्न भएका छन ।

पत्रकार महासंघ कर्णाली प्रदेशको बैठक पचालभरनाको फेदमै गरेर पचालझरना घोषणा पत्र र यसको थप महत्व र बिकासको लागी पहल भइ १०० गन्तब्य मध्ये ६४ औ गन्तब्यमा पर्न सफल भएकै छ । हामीले चिहानघाट देखी लेखमा आगन्तु घर समेत र जनताको चुलो बितरण देखि गाडी रोड र खर मुक्त छानो पचालझरना देखि भेडाबाखा गोठालो भर्ताको समेत ब्यबस्था गरेका छौ ।निर्वाचनको शुरुकै वर्ष पचालझरना महोत्सव गरी यसलाइ देशैभरी चिनाउने अवसर प्रदान गरेका छौ । छुवाछुत अन्त्य छाउपडि प्रथा अन्य बालबिबाह, बहुबिवाह, अनमेल बिवाह , कुरिती कुसस्करलाइ बिस्तापित गर्दै नयाँ संस्कार र संकृतिको शुरुवातीको थालनी गरीरहेका छौ । मेलमिलाप केन्द्र मार्फत ४८ घण्टा तालीम संचालन गरी न्याय प्रणालीलाइ ब्यबस्थित गरियो । प्रत्येक वडामा गरिव र बिपन्न परिवारको घर बनाउनको निम्ती ५०,०००। अनुदान दिने गरिउको छ ।



तारा न्यौपाने
संयोजक

# “समृद्ध पचालझरना - हाम्रो चाहना”

पचालझरना गाउपालीका कालीकोट

बजेट तथा कार्यक्रम

२०७६

## समस्याहरु

सरकार संचालनमा कार्यअनुभवको कमीका कारण पहिलो वर्ष अन्यवलता र अकरमण्डतामा नै बित्यो दोस्रो वर्ष बामे सराइको वर्ष रहेको महसुस भयो जनप्रतिनिधीहरु बजेट तथा निती कार्यक्रमहरु बनाउदा ब्यापक छलफल बहस हुनु पर्नेमा मौन समर्थन जस्तो देखिने र कार्यन्वयनमा केही समस्या पैदा भइ नै रहेका छन जन प्रतिनिधीहरु खुलेर बहसमा भाग लिने भन्दा पनि कोहि योजना दिने र कोहि योजना मागेर लिने कोहि निती कार्यक्रम योजना बनाउने र कोहि कार्यन्वयनकर्ता हुने समस्याको अन्त्य भन्दा पनि झन बिकास भइरहेको देखिन्छ । सबैले सबैको साझा कार्यक्रम बनाउनेमा समस्या देखिन्छ जन प्रतिनिधीहरु बिचमा एक अर्कोको ज्ञान क्षमता साटासाट गर्ने भन्दा पनि एकल निर्देशनात्मक प्रणालीको झन बिकास हुँदै गइरहेको छ । यसले योजना कार्यन्वयन र एकरुपता बुझाइमा समस्या पारिरहेको छ ।

योजना निर्माणमा ब्यापक छलफल बहस अन्तरक्रिया र कार्यन्वयनमा एक रुपता र ज्यान फालेर लाग्ने भन्दा पनि औपचारिकता पुरा गर्ने बिकास भइरहेको छ । माथि उल्लेखित समस्याबाट पार पाउन यो गाउपालीका सबैका हो सबै जनमत प्राप्त गरि यो स्थानमा पुगेका हौ पचालझरना समृद्धिको लागी आदेशानात्मक प्रणालीले होइन ब्यापक छलफल खुलेर बहस गरी सबैको उत्तिकै भूमिका छ भनेर योजना निर्माण र कार्यन्वयनमा हाम फालौ बिकास सम्भव छ ।वारम्वार आबश्यक्ता अनुसार कर्मचारीको पदपुर्ति नहुनुले पनि छिटो छरितो जन सेवा दिने कुरामा समस्या पैदा भइराखेकै छ । यहाँ पनि सक्षम नेतृत्वको अभावको कारणले टिम परिचालनमा समस्या पैदा भइ काममा ढिलासुस्ती भइ नै रहेको छ ।बिगतमा बिकेन्द्रित मानसिकता बाट परिचालीत जनशक्ति हाल केन्द्रिकरणमा गर्न खोज्दा दाम्लोले बाने जस्तो महसुस गरिरहेको छ । त्यसैले सबैले केन्द्रिकरण भइ योजनामा हाम फल्नुको बिकल्प छैन ।

जनशक्तिमा पनि बिकेन्द्रित र आत्मकेन्द्रित मानसिकताले काम गरिरहेको छ । सिजन अनुसार बनावटी अर्न्तर विरोध पैदा गर्दै भ्रम छर्ने काम एक पंक्तिबाट भै नै रहेको छ बस्तु निष्ठ धरातलिय यर्थातलाइ नबुझि जनप्रतिनिधिलाइ कुनै भुगोल , कुनै जाति, क्षेत्र लिग बाट अलग्याउन खोज्ने र सुधार भन्दा पनि खुइल्याउने प्रवित्ती को विकास भैरहेको छ जनप्रतिननिधिको वर्गिकरण गर्ने भन्दा पनि सबै विषयमा सबैलाइ मुछ्ने कारण ले जानिजानि गल्ती गर्ने लाइ राहत प्राप्त भएको छ यो समस्या बाट माथि उठ्दै वडा न १ देखि ९ सम्मका हामी एउटै जातका फुलबारी हौ र जनप्रतिनिधी साझा चौकिदार हुनन भन्ने बुझ्ने र यदी जनप्रतिनिधिबाट तेसो व्येबाहार नहुन गएमा सबैलाइ एउटै खाल्डोमा हैन फरक फरक ढंगले बुझ्दै सकरात्मक सुझाब सल्लाहा दिदै सुधार्न कोसीस गर्नुको विक्लप छैन । तेसैले भेग सिमाना जाति लिéको साघुरो मानसिक्ता बाट सबै एक तह माथि उठौ यसैमा सबैको भलाइ छ भौगोलिग रुपले यस गा.पा लाइ कर्णली नदिले चिर्दा यातायात बाटो घाटोको समस्या असाध्यै छ । बत्तिबाट पनि हाल सम्म यो गाउपालीका बञ्चित नै छ यहाका मानिसहरु



तारा न्यौपाने
संयोजक

# “समृद्ध पचालभ्करना - हाम्रो चाहना”

## पचालभ्करना गाउपालीका कालीकोट
## बजेट तथा कार्यक्रम
## २०७६

ब्याबसायिकरुपमा आधुनिक खेति प्रणालि तिर आर्कषित र प्रयास रत भन्दा पनि परम्परागत कृषि प्रणालि जिबिको पार्जनका लागी कृषि र पशुपालन गर्नुले पनि यहाँ आयश्रोतको मुख्य श्रोत ज्यालामजदुरी हुन पुगेको छ । यहाँ प्रसस्त मात्रामा खेति याग्य जमिन भय पनि सिचाइ अभावका कारणले खडेरिको सिकर बन्नु परेको छ । प्रसस्त बज जंगल, जडिबुडि हुँदा पनि यसको उचित संरक्षण र ब्यबस्थित बेचबिदनको अभावले यसको बिनास र लोप हुन लागीरकै छ ।त्यसैले तत्काल कर्णाली नदिको दुइ ठाउको फेरिको ब्यबस्था यसै बर्ष गर्ने र वडा नं ९ तिखार्ती र वडा नं १ घाट बाट बिजुली लाइन बिस्तारको योजना बनाउनुको साथै लाफागाड जलबिद्युतलाइ यथासिघ्र संचालनको लागी पहल गर्ने आनुनिक ब्याबसायिक कृषि र पशुपालनमा आत्मनिर्भर हुन बिशेष पहल गर्ने सिचाइका लागी सिचाइ ट्या°Lsf] Aofa:yf l;rfO s'nf] lgdf{)f l;rfO vfg]kflgsf] Aoa:yf ub}{ ;DefAotf cWoog ul/ s]xL &fpx?df s)ffLnL glbaf^ lnK^ l;rfOsf] kxn o;} aif{ ul/g] % . ag h+unsf] plrt ;+/lf)f ub}{ gfél डाडाहरुमा रुख रोप्न बिशेष पहल गर्ने बन घेरबार र सम्भव हुने ठाउहरुमा बन नर्सरिको बेर्ना तयार गरि पालीका भरी बृक्षारोपण गर्ने र ब्याबसायिक जडिबुटिको खेति तर्फ कृषकलाइ आर्कषित गर्न बिशेष योजना निर्माण गर्ने र यहाँ पाइने बहुमुल्य जडिबुटिको अनियमित उत्खलन कार्य पुर्णतया बन्द गरिने छ । हरेक काममा आफुले जिम्मेवारी लिदा जस्तो गरे पनि हुने र अरुले जिम्मेवारी लिदा मात्रै राम्रो गर्नु पर्छ भन्ने गलत मानसिकता त्यागेर सम्पुर्ण कामहरुमा गुणस्तरियता दिगो पन ल्याउन पर्§ सरोकारवाला सबै लाग्नु जरुरी छ यसैमा सबैको भलाइ छ । यि र यस्तै समस्याहरु बिचको बिगतका दिनहरु बिते बिगतका राम्रा पक्षहरुबाट सिक्ने र नराम्रा पक्षहरु सुधार गरेर जानुले परिवर्तन ढोका खुल्ने छ । जनप्रतिनिधि कर्मचारी जन्ताको एकरुप्ता र घनिष्ट सम्बन्ध रहनेहो भने यु पालीकामा असम्भव भन्ने कुरा केही छैन सबै एकजुट भयर लागौ बिकास र समृद्धि सम्भव छ ।

## आगामी कार्ययोजना र बजेट बिनियोजित

| क स | योजनाको नाम | विनियोजित रकम | स्थान | कैफियत |
|---|---|---|---|---|
| **१** | **योजना र ब्यबस्थापन तर्फ** | | | |
| १ | भुरावगर कोटिला सडक (स्तर उन्नति) | रु २०,०००००। (विस लाख मात्र) | पचालभ्करना ९ | समपुरक |
| २ | भैसेसैन खडितोली (स्तर उन्नति) | रु २०,०००००। (विस लाख मात्र) | पचालभ्करना ८ | समपुरक |
| ३ | घाट सिकु(स्तर उन्नति) | रु २०,०००००। (विस लाख मात्र) | | समपुरक |
| ४ | लैफु नानिकोट (स्तर उन्नति) | रु २०,०००००। (विस लाख मात्र) | पचालभ्करना ६,७ | समपुरक |
| ५ | लाफा देखी चौथा सम्म | रु २०,०००००। (विस लाख मात्र) | पचालभ्करना ३ , ४ | समपुरक |
| ६ | केन्द्रको समपुरक कोषका निम्ती | रु ५०,०००००। (पचास लाख मात्र) | | |
| ७ | खरकोट पडेछ्रा सडक (ट्याक ओपन) | रु ५०,०००००। (पचास लाख मात्र) | | |
| ८ | कैफु राम्नाकोट सडक (ट्याक ओपन) | रु ४०,०००००। (चालिसलाख मात्र) | | |
| ९ | कैफु बाँभ्कोट सडक (ट्याक ओपन) | रु ५०,०००००। (पचास लाख मात्र) | | |
| १० | खरमुक्त छाना अभियान | रु ५०,०००००। (पचास लाख मात्र) | | |
| ११ | शान्ति भवन निर्माणा | रु २०,०००००। (विस लाख मात्र) | | |



तारा न्यौपाने
संयोजक

# "समृद्ध पचालझरना - हाम्रो चाहना"

## पचालझरना गाउपालीका कालीकोट
## बजेट तथा कार्यक्रम
## २०७६

| | | | | |
|---|---|---|---|---|
| १२ | पुरानो खानेपानी निर्माणा | रु ५०,०००००। (पचास लाख मात्र) | | |
| १३ | नयाँ खानेपानी सिचाइ | रु ५०,०००००। (पचास लाख मात्र) | | |
| १४ | सहिद पार्क निर्माण | रु १५,०००००। (पन्ध्र लाख मात्र) | | |
| १५ | रéशाला निर्माण | रु २०,०००००। (विस लाख मात्र) | | |
| १६ | न्यायपालीका ब्यबस्थापन | रु १५,०००००। (पन्ध्र लाख मात्र) | | |
| १७ | वडापालिका लाइ अनुदान (१-९ सम्म) १०, लाख दरले | रु ९०,०००००। (नव्वे लाख मात्र) | | |
| १८ | पोषण कार्यक्रम | रु १२,०००००। (वाह्र लाख मात्र) | | |
| १९ | सेतो गँरास कार्यक्रम | रु १३,०००००। (तेह्र लाख मात्र) | | |
| २० | पर्यटन प्रबद्धन | रु १०,०००००। ( दश  लाख मात्र) | | |
| २१ | विपत ब्याबस्थापन | रु १०,०००००। ( दश  लाख मात्र) | | |
| २२ | लक्षित बर्ग कार्यक्रम | रु २०,०००००। (विस लाख मात्र) | | |
| २३ | सहकारी संघ सस्था साझदारी कार्यक्रम | रु २०,०००००। (विस लाख मात्र) | | |
| २४ | समिपुरा कोष | रु ५,०००००। (पाच लाख मात्र) | | |
| २५ | गाउपालीका डि पि आर निर्माण | रु ३०,०००००। (तिस लाख मात्र) | | |



तारा न्यौपाने
संयोजक

# “समृद्ध पचालझरना - हाम्रो चाहना”

## पचालझरना गाउपालीका कालीकोट
## बजेट तथा कार्यक्रम
## २०७६

| | | | | |
|---|---|---|---|---|
| **२** | **विभाग तर्फ** | | | |
| १ | स्वास्थ्य बिभाग | रु ८०,००००० (असी लाख मात्र) | | |
| २ | शिक्षा विभाग | रु ८०,००००० (असी लाख मात्र) | | |
| ३ | कृषि विभाग | रु ३०,००००० (तिस लाख मात्र ) | | |
| ४ | बनवाताबरण विभाग | रु १५,००००० (पन्ध लाख मात्र) | | |
| ५ | खेलकुद विकास | रु २०, ००००० (बिस लाख मात्र) | | |
| ६ | महिला बिभाग | रु ५,००००० (पाँच लाख मात्र ) | | |
| ७ | पशु सेवा विभाग | रु २०, ००००० (बिस लाख मात्र) | | |
| | | | | |

अन्तमा यस गाउपालीकालाई सुधार परिवर्तन बिकास र समृद्धिका लागी सम्पुर्ण पक्षहरुको सकारात्मक भुमिका रहोस समिक्षा आलोचना र अन्तर बिरोध, पहिचान, अन्तर संघर्षबाट भाग्ने होइन त्यसबाट सिक्दै रमाउदै सकारात्मक भुमिका खेल्दै रुपान्तरण अघि बढौ समृद्ध पचालझना हाम्रो् चाहाना हाम्रै कार्यकालमा पुरा हुने छ । यस महा अभियानमा जनप्रतिनिधि कर्मचारी राजनिक दल आम जन्ता संघ सस्था सबै हातेमालो गरौ र योजना कार्यन्वयनमा लागौ यसैमा पचालझरना गाउपालीकाको सुन्दर भविश्य छ भन्दै यस बजेट र कार्यक्रम प्रति यहाँहरु सरोकावाला सबैको सुभाव सल्लाह सहित छुटेका बिषय बस्तुहरुमा संशोधन प्रस्ताव समेतको आसा अपेक्षा लिदै यहाँहरुको महत्वपुर्ण सल्लाहको उच्च कदर गर्दै अगाडी बढ्ने प्रतिबद्धता ब्यक्त गर्दछु

प्रस्तोता
तारा न्यापाने
गा .पा. उपाध्यक्ष



तारा न्यौपाने
संयोजक